आज मिति २०८२/१०/२० गते मंगलबारको दिन यस शुद्धोदन गाउँपालिका, गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को एघारौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक कक्षमा बसी तपसिलको उपस्थितिमा देहायबमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष |
| २ | | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष |
| ३ | — | श्री उदयराज गडेरिया पाल | वडा अध्यक्ष-१ |
| ४ | | श्री कमल खड्का क्षेत्री | वडा अध्यक्ष-२ |
| ५ | | श्री हेम बहादुर खड्का | वडा अध्यक्ष-३ |
| ६ | | श्री केशव प्रसाद अधिकारी | वडा अध्यक्ष-४ |
| ७ | — | श्री चन्द्रभान चौधरी थारु | वडा अध्यक्ष-५ |
| ८ | — | श्री उपेन्द्र साहनी | वडा अध्यक्ष-६ |
| ९ | | श्री भिम नारायण चौधरी | का.वा. वडा अध्यक्ष-७ |
| १० | — | श्री शान्ति सुनार | कार्यपालिका सदस्य |
| ११ | पवित्रा | श्री पवित्रा थारु | कार्यपालिका सदस्य |
| १२ | गीता | श्री गिता नेपाली | कार्यपालिका सदस्य |
| १३ | | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य |
| १४ | राममिलन | श्री राममिलन लोध | कार्यपालिका सदस्य |
| १५ | | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य |
| १६ | | श्री लेख बहादुर बस्नेत | सदस्य-सचिव |
| | आमन्त्रीत | | |
| १ | | श्री तुलसा अर्याल | स्वा. प्र. को. |
| २ | गंगा | श्री गंगा बन्जाडे | का. स. |
| ३ | | | |
| ४ | | | |

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।१०।२० गतेको बैठकका निर्णयहरुः**

**शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।१०।२० गतेको बैठकका निर्णयहरुः**

१. अघिल्लो कार्यपालिकाले गरेका विभिन्न निर्णयहरुको समिक्षा गरी आगामी दिनहरुमा निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै पक्षले आ-आफ्नो स्थानबाट भूमिका खेल्ने निर्णय गरियो ।

२. यस गाउँपालिकामा करारमा कार्यरत अ.सव-ईन्जिनियर श्री जितेन्द्र वेलदारको करारको म्याद थप नगर्ने र अन्य कर्मचारीहरुको २०८३ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिका र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र सँगको साझेदारीमा स्वच्छ चुल्हो प्रवर्द्धन कार्यक्रम कार्यान्वयनकालागि लागत साझेदारीका लागि आवश्यक रकमबाट भुक्तानी हुने गरी रु. २ लाख ५० हजार रकम उपलब्ध गराउने निर्णय गरियो ।

४. यस गाउँपालिकाको वडा नं. २ मा रहेको सहर्ष बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रुपमा विषय परिवर्तन गरी उक्त सहकारीले पुनर्लेखन गरी पेश गरेको सहर्ष बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको पुनर्लिखित विनियम, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

५. आ.व.२०८२/०८३ मा गाउँपालिका स्तरीय पुँजिगत खर्चको गाउँपालिका स्तरिय सडक ग्राभेलको लागि बिनियोजित रकम रु. ५००००००/०० मध्येबाट तपसिल अनुसारका सडकहरु ग्राभेल गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | वडा नं. | योजना स्थल | कैफियत |
|---|---|---|---|
| १ | १ | कुट्टा टोल देखि दक्षिण सेमरहवा चोक सम्मको सडक। | |
| २ | २ | भुजौली गाउँ देखि दक्षिण पुरैनी जोडने सडक र तामनगर -फर्सीटिकर सडकको खजुरिया कल्भर्ट देखि दक्षिण गोपालपुर मैनहिया जोडने सडक | |
| ३ | ३ | खेम बहादुरको पुरानो घर देखि जनकपुर ताल जाने सडक | |
| ४ | ४ | पंगेनीको पुरानो घर देखि राजन खनालको घर सम्म जाने सडक र वडा नं. ३ र ४ को सिमानामा पर्ने छबिलाल आचार्यको घर जाने सडक। | |
| ५ | ५ | कुवारी पश्चिम नहर देखि वैरी डाँडा वडा नं.६ जोडने सडक। | |
| ६ | ६ | सेमरीडाँडा टोल देखि पश्चिमतर्फ निर्माणाधिन वडा कार्यालय भवन तथा चप्पर खोना ताल जोडने सडक। | |
| ७ | ७ | मटेरिया देखि केराबारी जाने सडक। | |

लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।१०।२० गतेको बैठकका निर्णयहरु:

६. आगामी आ.व. २०८३/८४ का लागि संघीय समपुरक अनुदान तर्फ तपशिल अनुसारको योजना प्राथमिकताको आधारमा माग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं. | योजनाको नाम | लागत रकम रु. | प्राथमिकता क्रम | नयाँ/ क्रमागत | संघीय सरकारबाट माग गर्ने रकम | स्थानीय तहबाट लागत साझेदारी |
|---|---|---|---|---|---|---|
| १ | खड्वा बनगाई खानेपानी टंकी देखि बुटवल उपमहानगर पालिका वडा नं. १६ को मिनि फेवाताल जाने सडक, कालोपत्रे वडा नं. २ | ३,००,००,०००।- (तिन करोड) | १ | नयाँ | १,२०,००,०००।- (एक करोड बिस लाख) | १,८०,००,०००।- (एक करोड असी लाख) |
| २ | रमापुर सिचाइ कुलो निर्माण, वडा नं. ३ | २,००,००,०००।- (दुई करोड) | २ | नयाँ | ८०,००,०००।- (असी लाख) | १,२०,००,०००।- (एक करोड बिस लाख) |
| ३ | ज्योतिष चोक देखि रजाड हुँदै पुरैनी जाने सडक कालोपत्रे वडा नं. ४ | २,००,००,०००।- (दुई करोड) | ३ | नयाँ | ८०,००,०००।- (असी लाख) | १,२०,००,०००।- (एक करोड बिस लाख) |

७. आगामी आ.व. २०८३/८४ का लागि संघीय विशेष अनुदान तर्फ तपशिल अनुसारको योजना बहुवर्षिय रुपमा ३ वर्षमा योजना सम्पन्न गर्ने गरी माग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | प्राथमिकता क्रम | नयाँ/क्रमागत | लागत अनुमान | संघीय सरकारबाट |
|---|---|---|---|---|---|
| १ | शुद्धोदन गाउँपालिकाको कृषि विकास रणनीतिक योजना अन्तर्गत मृहत मत्स्य विकास कार्यक्रम- शुद्धोदन गा.पा. वडा नं. १,३ र ६, रुपन्देही | १ | क्रमागत | ५,००,००,०००।- (पाँच करोड ) | ३,००,००,०००।- (तिन करोड) |
| २ | दानव नदी नियन्त्रण, शुद्धोदन गा.पा. वडा नं. १,२,६ र ७, रुपन्देही | २ | नयाँ | ३,००,००,०००।- (तिन करोड) | ३,००,००,०००।- (तिन करोड) |



लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।१०।२० गतेको बैठकका निर्णयहरुः

८. सडक मर्मत संभार कार्यको लागि सडक बोर्ड नेपाल बाट चालु आ.व.२०८२/०८३ मा स्वीकृत बजेट बाट बनगाई डाँडा देखि मिनि फेवा ताल जाने सडक (शुद्धोधन २-बुटवल १६) मर्मत गर्ने निर्णय गरियो।

९. यस गाउँपालिकाको वडा कार्यालयहरुबाट कुनै पनि जग्गाको चौकिल्ला सिफारिस गर्दा सम्बन्धित जग्गा धनीको माग गरी निवेदन दिए अनुसार मात्र चौकिल्ला सिफारिस उपलब्ध गराउने निर्णय गरियो ।

१०. ईलाका प्रशासन कार्यालय, मानपकडीलाई नागरिकता प्रमाणपत्रको अभिलेख छपाइको रकम ईलाका प्रशासन कार्यालयको दाखिलाको आधारमा खर्च शिर्षक २२३१५ छपाइ खर्चबाट रु. ६० हजार उपलब्ध गराउने निर्णय गरियो ।

११. आ.व. २०८२/८३ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) बमोजिम शुद्धोदन गाउँपालिकाको कृषि विकास रणनितिक योजना अन्तर्गत वृहत मत्स्य विकास कार्यक्रम शुद्धोदन गाउँपालिका वडा नं. १ ३ र ६ को लागि अनुदान रकम रु. १ करोड मध्येबाट सोही योजनाको आ.व. २०८१/८२ को ठेक्का नं. NCB/SRM 15/081-82 को यस वर्षमा सिर्जित दायित्वय बमोजिम भुक्तानी गर्न आवश्यक रकम भुक्तानी गरी बाँकी रकमबाट वडा नं. ३ को जनकपुर ताल र वडा नं. ६ को चप्पर खोना तालको स्तरउन्नती गर्ने निर्णय गरियो ।

१२. नेपाल कम्युनिष्ट पार्टीलाई रु. १० हजार आर्थिक सहयोग वार्षिक विकास कार्यक्रमको पेज नं. १३० को क्र.सं. ११० र १११ अन्य विविध चालु खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत